# प्रदेश सभा

# गण्डकी प्रदेश

# दशौं अधिवेशन

# (छैठौँ बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मितिः-२०७९।०२।१७ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा मंगलबार दिनको २ बजेर ११ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अबको वैठकको कार्यवाही प्रारम्भ हुन्छ ।माननीय सदस्यहरू, सर्वप्रथम म माननीय आन्तरिक मामिला मन्त्री श्री डोबाटे विश्वकर्मालाई समसामयिक विषयमा सभालाई संवोधन गर्न समय दिन्छु ।

**माननीय आन्तरिक मामिला मन्त्री डोबाटे विश्वकर्मा**

माननीय सभामुखज्यू, मिति २०७९ साल जेठ १५ गते आईतबार पोखरा विमानस्थलबाट विहान ९:५५ बजे २ जना जर्मनी ४ जना भारतीय र १३ जना नेपाली यात्रु र ३ जना चालक दलका सदस्य सहित जम्मा २२ जना तारा एयरको ट्वीनएटर विमान मुस्ताङ जिल्लाको जोमसोमका लागि उडेको उक्त विमान अन्तिम पटक जोमसोमको टावरसंग विहान १०:१० बजे कोबाङ भन्ने स्थानबाट सम्पर्कमा आएको र सो पश्चात सम्पर्क विहीन भएको उक्त घटना जानकारीमा आउनासाथ नेपाल सरकार, प्रदेश सरकारको समन्वयमा स्थानीय प्रशासन, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल,

स्थानीय तह एवं स्थानीय समुदायको सहयोग र तत्काल खोजीकार्य प्रारम्भ गरियो, विमानको अवस्थाका बारेमा खोजतलासका लागि फिस्टेल एयर र नेपाली सेनाको हेलिकप्टर मार्फत दुर्घटनाको सम्भावित स्थानहरुमा न्यूरेकोट, कोबाङ लेते, घोडेपानी र टिटी तालमा खोजी कार्य गरियो, सम्पर्क विहीन विमानको खोज तथा उद्धारको लागि चौबिसैं घण्टा खुला रहने गरी खोज तथा उद्धार केन्द्रको व्यवस्थापन मिलाई काठमाडौं, पोखरा तथा जोमसोमका विमानस्थलहरुमा खोज तथा उद्धार कार्यका लागि थप हेलिकप्टर तयारी अवस्थामा राखिएको साथै खोजी कार्यकालागि स्थलमार्गबाट समेत सबै सुरक्षा निकायका टोली परिचालन गरियो ।

प्रतिकुल मौसमको कारण दिनभरी खोजी गर्दा पनि हराइरहेको विमान पत्ता लगाउन नसके पश्चात मिति २०७९ जेठ १६ गते विहान ५ बजेदेखि नै खोजीकार्य प्रारम्भ गरियो । नेपाली सेनाको एयर डाइनेष्टिक कैलाश हेलिकप्टर र फिस्टेल एयरको हेलिकप्टर तथा स्थलमार्गबाट समेत नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल नेपाल लगायत नेपाली नागरिक, उड्डयन प्राधिकरण अन्तर्गतको खोज तथा समन्वय केन्द्रका आवद्ध सम्पूर्ण टोलीबाट खोजकार्य गराउन गरिएको विहान ८:३० बजे मुस्ताङको खासाङ गाउँपालिका स्थित वडा नं. २ कोवाङको संसारे डाँडा मानापाथी हिमालको फेदीमा करिव १४ हजार ५ सय फिटको उचाईमा हराइरहेको विमान दुर्घटनाग्रस्त अवस्थामा फेला पर्यो । प्रतिकूल मौसमका वावजुद खोजी कार्यमा खटिएका सुरक्षाकर्मीको टोली स्थानीय वासिन्दाको सहयोग मुस्ताङ जिल्लाका प्रमुख जिल्ला अधिकारीको समन्वयमा दुर्घटना स्थलको पहिचान गरी उद्धार कार्य सुरु गरियो । दुर्घटना स्थलमा पुग्दा विमान पूर्ण रूपमा क्षतिग्रस्त अवस्थामा फेला परेको भए तापनि विमानमा सवार यात्रुहरूको बारेमा धेरै बेरको खोजि पश्चात् संसारे डाँडाको पाखाभरि छरिएर रहेका अवस्थामा शवहरू फेला परेकोले खोज तथा उद्धारका कार्य तीव्र रूपमा शवहरूको संकलन गर्न थालियो ।

संकलन गरिएका १० वटा शवहरू घटना स्थलबाट मुस्ताङको कोबाङ भन्ने स्थानमा ल्याई नेपाली सेनाको हेलिकप्टरबाट काठमाडौं पठाईयो बाँकी शवहरु अप्ठेरो भिरमा अडकिरहेको अवस्थामा रहेको र थप पानी परी मौसममा भएको खरावीले उद्धार कार्य कठिनाई भएको शब संकलन कार्यलाई निरन्तरता दिई मिति २०७९ जेठ १६ गतेसम्म जम्मा २१ वटा शव संकलन गरिएको, बाँकी १ वटा शव खोजिकार्य भइरहेकोमा उक्त शव मिति २०७९ जेठ १७ गते विहान फेला परेको संकलन गरेर बाँकी सबै शवहरू घटनास्थलबाट मुस्ताङको कोवाङ भन्ने स्थानमा ल्याई ०७९ जेठ १७ गते नेपाली सेनाको हेलिकप्टरबाट काठमाडौं पठाईएको । यस अप्रिय घटनामा परी चालक दलका सदस्य सहित स्वदेशी तथा विदेशी सम्पूर्ण यात्रीहरुको दुःखद निधन भएको घटनाप्रति दुःख व्यक्त गर्दछु । यस अकलपनिय दुःखद घटनामा ज्यान गुमाउने सबैमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु साथै मृतक आत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवार प्रति गहिरो समवेदना व्यक्त गर्दछु । दुर्घटनाग्रस्त स्थलमा विमान तथा यात्रुहरूको खोजीकार्यमा खटिनुभएका स्थानीय प्रशासन, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीवल, नेपाल नागरिक उड्डयन प्राधिकरण, निजि हेलिकप्टर कम्पनी, स्थानीय तह, जनसामुदायिक, सञ्चारकर्मी लगायत सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब मिति २०७९ साल जेठ १२ गते माननीय अर्थमन्त्री श्री रामजी प्रसाद बराल जीबनले सभा समक्ष प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७९/८० को बजेट तयारीका लागि विनियोजन विधेयक २०७९ का सिद्धान्त र प्राथमिकता माथिको बाँकी छलफल प्रारारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब आर्थिक वर्ष २०७९/८० को बजेट तयारीका लागि विनियोजन विधेयक २०७९ का सिद्धान्त र प्राथमिकतामाथिको छलफलको क्रममा माननीय

सदस्यहरूले उठाउनु भएका जिज्ञासाहरूको सम्बन्धमा माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनलाई संवोधन  गर्न समय दिन्छु ।

**माननीय अर्थमन्त्री रामजी प्रसाद वराल जीवन**

माननीय सभामुख महोदय, समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रको पन्ध्रौं दिवसको सन्दर्भमा म सबैमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । यही जेठ १५ गते तारा एयरको मुस्ताङ थासाङमा भएको दुर्घटनामा परि दिवंगत हुनुहुने सबैप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल आफन्तजनहरू प्रति समवेदना व्यक्त गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, गण्डकी प्रदेशको यस सम्मानित सभामा मिति २०७९ जेठ १२ गते पेश गरिएको विनियोजन विधेयक २०७९ को सिद्धान्त र प्राथमिकताका सम्बन्धमा प्राप्त सुझाव एवं टिप्पणीहरुले आगामी आर्थिक वर्षको बजेट तर्जुमामा कार्यलाई प्रभावकारी बनाउने छ । आफ्नो धारणा व्यक्त गर्नुहुने सबै माननीयज्यूहरूप्रति हार्दिक आभार प्रकट गर्दै बजेट तथा कार्यक्रम तर्जुमा गर्दा माननीयज्यूहरूको सुझावलाई मार्गदर्शनको रूपमा लिइने प्रतिवद्धता व्यक्त गर्दै माननीयज्यूहरूले राखु भएको जिज्ञासाका सम्बन्धमा थप प्रष्ट पार्ने अनुमति चाहन्छु ।

गण्डकी प्रदेश सरकारले समग्र प्रदेशको संवृद्धिको लागि विगत देखि संचालन गर्दै आएका कतिपय प्रदेश गौरवका योजनाहरू कुनै दल बिशेष वा सरकार विशेषका मात्रै नभई प्रदेशवासीका हुन् । तसर्थ, यी आयोजनाहरूलाई प्रदेशको आवश्यकताको आधारमा निरन्तरता दिदै वर्तमान आवश्यकताका आधारमा नयाँ प्राथमिकता निर्धारण गरिएको छ । गतिशील समाजमा निरन्तरता मात्र सीमित हुन सक्दैन । सतहमा देखिएका नयाँ सम्भावनाहरूको पहिचान गरी स्रोत र साधनको अवस्था अनुरूप केही विषयहरूलाई प्राथमिकता दिनुपर्ने हुन्छ । त्यसैले बजेटका सिद्धान्त र प्राथमिकतामा विगतका निरन्तरताका योजनाहरू सम्पन्न गरी भोलिका दिनमा, आजका आयोजनाहरू निरन्तरता प्रदान गर्नुपर्ने गरी प्राथमीककरण गरिएको छ । गण्डकी प्रदेशको यस सम्मानित सभामा

पेश भएको विनियोजन विधेयकलाई नै आधार मानी गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम तर्जुमा हुने र उक्त नीति तथा कार्यक्रमको जगमा नयाँ आगामी आर्थिक वर्षको बजेट तर्जुमा गरिने व्यहोरा सहित माननीयज्यूहरूलाई विनियोजन विधेयकमा बजेटका सिद्धान्त र प्राथमिकतामा स्पष्ट उल्लेख गरिएको व्यहोरा अनुरोध गर्न चाहन्छु ।

यद्यपि माननीयज्यूहरूले सिद्धान्तको बारेमा जिज्ञासा राखु भएकोमा संघीयताको सुदृढीकरण, समावेसी र समानुपातिक एवं सन्तुलित विकास दिगो तथा फराकिलो आर्थिक वृद्धि, उत्पादन र रोजगारी अभिवृद्धि, मानव संसाधन विकास, सार्वजनिक जवाफदेहीता र सुशासन, विपद् व्यवस्थापन, सूचना तथा संचार प्रविधिको विकास र विस्तार, समावेसिता र सामाजिक न्याय गरी करिव ९ वटा सिद्धान्तहरू यहाँ प्रस्तुत गरिएको छ । लाग्छ, यी सिद्धान्तहरू कुनै नवउदारवादी पूँजीवादबाट पालित पोषित संरक्षित दलाल नोकरशाही प्रवृत्तिसंग सम्बन्धित छन् या छैनन् । जुन माननीयज्यूले दलाल नोकरशाही दिशातिर उन्मुख भन्न पछि पर्नु भएन, गम्भिरतापूर्वक लिइदिनका निम्ति म अनुरोध गर्न चाहन्छु । मार्क्सवाद भनेको ठोस परिस्थितिको ठोस विश्लेषण हो। आज हामीले के देखिराखेका छौं भने दुनियाँमा नवउदारवादी पूँजीवादले विकासोन्मुख राष्ट्रहरूमा कसरी आफ्नो दलालहरु खडा गरिरहेको छ र ती दलाल मार्फत स्वयं मुलुकको उन्नति र प्रगति हुन नदिनका निम्ति वडो काल्पनिक कुराहरू गरिदिने, बडो हवाई कुराहरू गरिदिने हाम्रो अवस्था के हो हामी कुन विन्दुमा छौं भन्ने कुराको हेक्का नराखिकन नवउदारवादी पूँजीवादको नै सेवा पुर्याउने खालको स्थिति हामीले देखिराखेका छौं । त्यसो भएको हिसावले मार्क्सवादले ठोस् परिस्थितिको ठोस विश्लेषण गर भन्छ र लाग्छ हामी कम्युनिष्टहरू मार्क्सवादी विचारबाट प्रेरित छौं ।

हामी दायाँ बायाँ भएका छैनौं नक्कली मार्क्सवादीहरूले विभिन्न प्रकारका आरोपहरू लगाउने यो जानेमानेको धर्म हो, त्यसो भएको हिसावले म कोही पनि भ्रमित नहुनाका निम्ति साँच्चै नक्कली मार्क्सवादी होइन, सक्कली मार्क्सवादी बन्नका निम्ति सिकौं, कहिनिर बाटो विराईएको छ भने फेरी समीक्षा गरौं, म यतातिर पनि अनुरोध गर्न चाहन्छु । आज

हाम्रो मुलुकमा नक्कली मार्क्सवादीहरूले रगतसँग साटेर ल्याएका उपलब्धिहरूलाई कसरी खारेजीको दिशातिर लिएर जाने भन्ने हिसावले अनेक प्रकारका हर्कतहरू गरेको कुरा पनि विदितै छ । त्यसो भएको हिसावले आज तपाई हामी सबै नक्कली मार्क्सवादीहरू देखि सचेत रहनु पर्ने, नक्कली मार्क्सवादीहरूले खडा गरेका भ्रमहरूबाट मुक्त हुनु पर्ने, र साँच्चै साँचो अर्थमा मार्क्सवाद के हो ? भन्ने कुरालाई हेक्का राख्नु पर्ने दिशातिर पनि हाम्रा ध्यानहरु केन्द्रित हुन आवश्यक छ र मैले यहाँ जे विषयवस्तुहरू उठाएको छु अथवा सिद्धान्त र प्राथमिकताले जे विषयलाई उठाइराखेको छ, यी स्वभाविक रूपमा मार्क्सवादसित काहीँ न काहीँ साईनो जोडिएकै छन् भन्ने हिसावले बुझिदिनका निम्ति अपिल र अनुरोध गर्न पनि चाहन्छु र हामी फेरी आज माओवादी नीतिले लेखिएको संविधान होइन, हामी सम्झौताको दस्तावेज कार्यान्वयनको प्रक्रियामा छौं ।

अहिले हामीले माओवादी नीति के हो ? माओवादी पार्टीको उद्देश्य के हो ? त्यो अनुरुप छ कि छैन भनेर प्रश्न गर्न त पाइयो तर के हामी ती सबै कुराहरू अहिले दिन सक्छौ ? सम्झौताको दस्तावेज, संविधान कार्यान्वयनको प्रक्रियामा अगाडि बढिराखेका छौं । गठवन्धनको आवश्यकता किन पर्न गयो ? इतिहास आफै बोलेको छ । यो संविधानको रक्षाका निम्ति, राष्ट्रियताको रक्षाका निम्ति यो गठवन्धन आवश्य पर्न गएको हो, विचार मिलेर गठवन्धन बनेको होइन, कहींनेर भ्रम खडा गर्न प्रयास पनि नगर्नु होला म अपिल पनि गर्न चाहन्छु ।

यसर्थ, उपरोक्त सैद्धान्तिक धरातलमा विनियोजन विधेयकको प्राथमिकता जसलाई क्षेत्रगत रूपमा क्रमशः उत्पादन र उत्पादकत्व अभिवृद्धि यसलाई प्राथमिकता दिइएको छ । पर्यटनको प्रर्वद्धन यसलाई पनि प्राथमिकतामा राखिएको छ । स्वच्छ खानेपानी र नविकरण उर्जा यसलाई पनि प्राथमिकतामा राखिएको छ । शिक्षा र सामाजिक विकास यसलाई पनि प्राथमिकतामा राखिएको छ । स्वास्थ्य सेवाको सुदृढीकरण यसलाई पनि प्राथमिकतामा राखिएको छ । पर्यावरणीय संरक्षण र पूर्वाधार विकास अराजक ढंगको होइन, पर्यावरणलाई समेत ख्याल गरेर पूर्वाधारको जरुरी छ भन्ने कुरालाई पनि

प्राथमिकतामा राखिएको छ । लगायतका विषयहरू प्राथमिकतामा राखिएको पनि अवगत गराउन चाहन्छु । सीमित, स्रोत र साधनको मितव्ययी ढंगबाट अधिकतम परिचालन गरी आगामी दिनहरूमा प्रदेशका आन्तरिक आयका थप क्षेत्रहरुको पहिचान गरी प्रदेश आयमा वृद्धि गरेर क्षेत्रगत रूपमा प्राथमिकरण गरिएका कार्यक्रमहरू कार्यान्वयन गर्दै नीति अवलम्वन गरिएको व्यहोरा पनि माननीयज्यूहरूलाई अवगत गराउन चाहन्छु ।

प्रदेश सरकारसँग आम नागरिकले व्यक्त गरेका सासश्यम नागरिकको आवश्यकता, संवोधन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी बजेटका प्राथमिकता निर्धारण गरिएका हुन् । धेरै क्षेत्र समेटिएकाले स्रोतको कमी धान्न सक्छ भन्ने विषयमा माननीयज्यूहरूले राख्नुभएको जिज्ञासा स्वभाविक छ । तथापि उपलब्ध स्रोतको प्रभावकारी परिचालनप्रति सरकार सचेत रहेको व्यहोरा पनि अनुरोध गर्न चाहन्छु ।सरकारको कार्यक्षेत्र विर्सिएर अनभिज्ञ भएर आफ्नो क्षेत्राधिकार भन्दा बाहिरका आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने गरी प्राथमिकरण गरियो भनी जिज्ञासा राख्नु भएकोमा म माननीयज्यूहरूलाई के प्रष्ट पार्न चाहन्छु भने, प्रदेशको विकासमा दिर्घकालीन महत्व राख्ने प्रदेश सरकारले चासो लिएर संघीय सरकारलाई शिघ्र कार्यान्वयनमा लैजान एक प्रकारको सांकेतिक रूपमा दवाव सिर्जना हुन सकोस् भन्ने उद्देश्यबाट नै सीमा नाकामा भन्सार व्यवस्थापन, ठूला जलाशययुक्त आयोजना, खनिजमा लगानी ठूला उद्योग संचालन जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखिएको हो । आगामी वर्षहरूमा प्रस्तावित यस्ता आयोजना कार्यान्वयन हुँदा प्रदेशको आय वृद्धि हुने संवृद्धी हासिलमा टेवा पुग्न जाने भएकाले पनि यी आयोजनालाई शिघ्र कार्यान्वयनमा लैजानु पर्ने अपरिहार्यता देखिएको छ । हामी एकातिर प्रदेशको आय वृद्धि गर्ने तर्फ सरकारले ध्यान दिएन पनि भन्छौं, अर्कोतिर सोही प्रयोजनमा उल्लेखित प्राथमिकताको विरोध पनि गर्छौं, यो दोहोरो कुरा भएन र ? प्रदेशको आम्दानीको मुख्य क्षेत्र घरजग्गा रजिष्ट्रेशन शुल्क नै हो यसमा माननीयज्यूहरू जानकार पनि हुनुहुन्छ ।

उक्त क्षेत्रबाट थप आम्दानी गर्ने उद्देश्यले नगर क्षेत्र भित्रका सडकहरू, स्थानीय तहहरूको साझेदारीमा कालोपत्रे गर्ने भनिएको हो। त्यसको अर्थ अरु ट्र्याक खोलेका स्तरोन्नति गर्नुपर्ने आयोजना कार्यान्वयन नै हुँदैनन् भन्ने होइन, त्यसतर्फ शंका नगर्नु हुन म माननीयज्यूहरूलाई हार्दिक अनुरोध गर्दछु । विगतदेखि निरन्तरमा रहेका कतिपय कार्यक्रमहरु यसमा उल्लेख भएका छैनन् । जुन सबै यसमा उल्लेख गर्न सम्भव पनि छैन, यद्यपि ती कार्यक्रमहरू निरन्तर संचालन हुने विषय माननीयज्यूहरूलाई अवगत गराउँदै स्वास्थ्य सेवाको सुदृढीकरणको तर्फ प्रदेश सरकार संवेदनशील रहेको र एयर लिफ्टिङ जस्ता कार्यक्रम निरन्तरतामा रहेको पनि अनुरोध गर्न चाहन्छु । वित्तीय संस्थाहरू तीनको परिचालन त्यसले ग्रामीण क्षेत्रका जनता प्रति पार्ने प्रभावका सम्बन्धमा अध्ययन गरी त्यसको प्रभावकारी परिचालन गर्ने कार्यक्रम लागु हुने जानकारी सहित आयोजनामा दोहोरोपन हट्ने विषय पनि स्मरण गराउन चाहन्छु । कतिपय माननीयज्यूहरूले एकातर्फ यो आगामी बजेटको सिद्धान्त र प्राथमिकताले विगतका महत्वपूर्ण कार्यक्रमहरुको निरन्तरता प्रति स्वागत पनि गर्नुभएको छ ।

स्वभाविक रूपमा हामी एकातिर के भन्छौं भने सरकार अविछिन्न उत्तराधिकारी हो पनि भन्छौं एकातिर । कतिपय गौरवका योजनाहरु निरन्तरतामा आएका छन्, नयाँ कुरा केही छैन पनि भन्छौं । साँच्चो कुरा के हो भने सरकार निरन्तर अविछिन्न उत्तराधिकारी नै हो । त्यसो भएको हिसावले अघिल्लो सरकारले ल्याएका महत्वपूर्ण योजनाहरूलाई निरन्तरता दिने कुरा त्यो स्वाभाविक छ, उसको दायित्व हो । तर सबै कुराको निरन्तरता सम्भव पनि हुँदैन, किनभने मैले अघि नै भनेको छु समाज गतिशील छ, गतिशील समाजमा निरन्तरता मात्रै होइन, निरन्तरताले क्रमभंगताको माग गर्छ, क्रमभंगता तिर जान सकिएन भने समृद्धि विकास असाध्यै धिमा गतिमा हुने कुरा पनि हामी सबैले बुझेकै छौं । यतातिर पनि ध्यान केन्द्रित गरिदिनका निम्ति म अनुरोध गर्न चाहन्छु ।

अर्को तर्फ कतिपयले निराश, पट्यारलाग्दो, झारा टार्ने खालको विगत वर्षका प्राथमिकताहरु हेर्दै नहेरी बनाएको भनि आलोचना पनि गर्नुभएको छ । स्वभावैले लोकतन्त्रमा सरकारको अनुपस्थिति तथा विगतको सरकारको स्वामित्व ग्रहण नगर्ने भन्ने विषयको परिकल्पना गरेरै यो नै लोकतन्त्रको सुन्दर पक्ष हो । तसर्थ, सम्पन्न हुन बाँकी रहेका विगतका महत्वपूर्ण कार्यक्रमहरुलाई शिघ्र सम्पन्न गर्ने गरी प्राथमिकतामा राख्दै कतिपय कार्यक्रमहरू मापदण्ड कार्यविधि कार्य प्रक्रिया मार्फत व्यवस्थित गर्ने गरी अन्य प्राथमिकताका क्षेत्रहरू निर्धारण गरिन्छ र गरिएको पनि छ । माननीयज्यूहरूले सम्मानित सभा समक्ष राख्नुभएका अधिकांश सुझावहरु मुख्य त महिला हिंसा न्यूनीकरणको लागि अभियानको रूपमा कार्यक्रम संचालन गर्नुपर्ने, दिगो रुपमा एम्वुलेन्स संचालन व्यवस्थापन गर्नुपर्ने, दूर्गम क्षेत्रका गर्भवति महिलाको लागि एयर लिफ्टिङ, स्वास्थ्य संस्थामा प्रयोगशाला संचालनमा प्राथमिकता दिनुपर्ने, पूर्ण खोप कार्यक्रमलाई प्राथमिकतामा राख्नु पर्ने, रोजगारी सृजनामा बढी केन्द्रित हुनु पर्ने, लगानी वातावरणको विषय प्राथमिकतामा रहनु पर्ने, सुशासनको प्रत्याभूति हुनुपर्ने, कृषकको बालीमा विभिन्न कारणबाट हुने क्षति न्यूनीकरण गर्नुपर्ने, कृषि उत्पानमा विमा, बाँझो जमिन कृषि उत्पादनमा उपयोग गर्नुपर्ने, टार सिँचाईलाई प्राथमिकता दिनुपर्ने लगायतका विषयहरू निकै विचारणीय छन् । आगामी वर्षको बजेट तर्जुमा गर्दा माननीयज्यूहरूले उठाउनु भएका यी विषयलाई कार्यक्रम मार्फत समेटिने व्यहोरा अवगत गराउन चाहन्छु ।

माननीज्यूहरूले उठाउनु भएका कतिपय सवालहरू जस्तै स्वास्थ्य सम्बन्धमा निजि संस्थाहरुको नियमनको लागि कानुन तर्जुमा गर्नुपर्ने, खाद्य सुरक्षाको विषयलाई संवोधन गर्न नीतिको आवश्यकता, आश्रित अर्थतन्त्र भन्दा प्रदेशले आफ्नो आयका स्रोतहरु पहिचान गरी परिचालन गर्नु पर्ने, शिक्षा र स्वास्थ्य क्षेत्र प्राथमिकतामा राखि कार्यक्रम र बजेट विनियोजन गर्नुपर्ने, खाद्य संकटलाई सामना गर्न उत्पादन अभिवृद्धि र खाद्य संगठन नीति ल्याउनु पर्ने लगायतका विषय अत्यन्त महत्वपूर्ण रहेका छन् । ती विषयमा ध्यान दिँदै आगामी वर्षको बजेट तथा कार्यक्रम तयार हुने पनि विश्वास दिलाउन चाहन्छु । विद्यालय शिक्षा प्रदेश सरकारको क्षेत्रभित्र नरहे पनि कार्य विस्तृतीकरणको

अवस्था अनुसार प्रदेश मापदण्ड विकास गुणस्तर सुधारमा सहयोग गर्न सकिने भएकाले नै विद्यालय शिक्षा सुधारका विषयहरु पनि सिद्धान्त र प्राथमिकतामा समेटिएको अनुरोध गर्दछु । प्रतिभा पलायन रोक्न युवाहरूलाई सीपमूलक तालिम प्रदान नेतृत्व क्षमताको विकास गरी युवा जमातलाई उद्यमी बनाउने, रोजगारी सिर्जना गर्ने र समग्र आर्थिक वृद्धिमा टेवा पुग्ने गरी युवा परिचालन गर्नुपर्ने आवश्यकतालाई मनन गर्दै यी विषयहरू प्राथमिकतामा समेटिएको हो ।

मूल्य वृद्धि र त्यसले नागरिकमा परेको प्रभावलाई न्यूनीकरण गर्न सरकारले ध्यान दिनु पर्ने माननीयज्यूहरुको सुझावलाई सरकारले गम्भिर ढंगबाट ग्रहण गरेको जानकारी गराउँदै मूल्य वृद्धि नियन्त्रण तर्फ पनि गण्डकी प्रदेश सरकार केन्द्रीत हुने जानकारी गराउन चाहन्छु । बाँदरले कृषकले लगाएको बालीमा पुर्याएको क्षतिको विकल्प के हुन सक्छ ? परम्परागत रूपमा गरिँदै आएका खेती प्रणालीलाई बाँदरका कारण जोगाउन गाह्रो भएकोले त्यसको विकल्पमा अन्य खेती प्रणालीको खोजी गर्नुपर्ने, त्यसको लागि सिमल तरुल विकल्प हुन सक्ने भन्ने विज्ञहरूको सुझावलाई आधार मानी यो विकल्प प्रस्ताव गरिएको हो । रोपेको ८ देखि १० महिनामा माटोभित्र २ देखि ४ फिट तल सेलाको रूपमा जसलाई हामी छोडा भनेर पनि हामी बुझ्छौ, सेलाको रूपमा उत्पादन हुने यसले मकैको पनि काम गर्दो रहेछ, यसले धानको पनि काम गर्दो रहेछ र सँगसँगै यसले कोदोको पनि काम गर्दोरहेछ त्यसो भएको हिसावले विकल्पको यो बाली हुन सक्ने भन्ने सुझाव प्राप्त भएकाले यो खेतीको सम्भाव्यता अध्ययन गर्ने कार्यक्रम अगाडि सारिएको म जानकारी गराउँदछु । सिद्धान्त र प्राथमिकता सरकारको अबको गन्तव्यको संकेत हो, यसैमा सबै कार्यक्रम समेटिन सम्भव छैन ।

विस्तृत रूपमा सरकारका योजनाहरू बजेट तथा कार्यक्रम मार्फत समेटिएका हुन्छन्। माननीयज्यूहरूका कतिपय सुझावहरू सिद्धान्त र प्राथमिकतामा नै रहेका छन् । कतिपय नियमित कार्यक्रमबाट संवोधन हुने अवस्थामा छन् भने अन्य थप सुझावलाई आउँदो बजेटबाट संवोधन हुने पनि विश्वास दिलाउन चाहन्छु । स्थानीय तहको भर्खरै सम्पन्न

निर्वाचनबाट प्रदेश भित्रका सबै स्थानीय सरकारहरु गठन भइसकेका छन् । स्थानीय सरकारको क्षमता बढाउन आपसी समन्वय र साझेदारीमा वृद्धि गर्न पनि अपरिहार्य छ । संघ, प्रदेश र स्थानीय तहको समन्वय, सह अस्तित्व र साझेदारी मार्फत नै संघीयता बलियो हुन्छ हामी सबैले बुझेका छौं । तसर्थ, संघीयता कार्यानवयनलाई प्रभावकारी बनाउने गरी माननीयज्यूहरुले दिनुभएका महत्वपूर्ण सुझावहरूलाई ग्रहण गर्दै आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमा हुने अनुरोध सहित यो सरकार जन आकांक्षा र विद्यमान आवश्यकता संवोधन गर्न प्रतिवद्ध रहेको अनुरोध गर्दै सुझाव राख्नु हुने सम्पूर्ण माननीयज्यूहरुलाई धन्यवाद व्यक्त गर्न चाहन्छु। धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब यो छलफल यहीं समाप्त हुन्छ । माननीय सदस्यहरू, मिति २०७९ जेठ २४ गते दिनको ३ बजे माननीय प्रदेश प्रमुखज्यूबाट प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गरी प्रदेश सभालाई संवोधन गर्नु हुने कार्यक्रम भएकोले माननीय सदस्यहरू सो दिन दिनको २:४५ बजेभित्र सभाहलमा प्रवेश गर्नुहुन जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब यो वैठक २०७९ साल जेठ २४ गते दिनको २ बजेर ४५ मिनेट सम्मको लागि स्थगित हुन्छ ।